# नागार्जुन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
हरिसिद्धि, सीतापाईला, काठमाडौं
बागमती प्रदेश, नेपाल ।

फोन नं.: ४६७१७१६
४६७१७१७


प.सं.:-
च.नं.:-

मितिः २०८०/१०/१५

विषयः प्रेस विज्ञप्ती !

प्रस्तुत विषयमा यस नागार्जुन नगरपालिकाका नगर प्रमुख श्री मोहन बहादुर बस्नेतको अध्यक्षता एवम् नगर उपप्रमुख श्री सुशिला अधिकारी, प्रमुख प्रशासकीय अधिकृत श्री सुमन अधिकारी लगायत वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरूको उपस्थितीमा बसेको नगर कार्यपालिकाको मिति २०८०/१०/१५ गतेको बैठकको निर्णयहरू सम्बन्धित सबैको जानकारीको लागि सार्वजनिक गरिएको व्यहोरा अनुरोध छ ।

<u>निर्णयहरू:-</u>

१. मिति २०८० साल माघ १६ गते शहीद दिवसको अवसरमा यस नगरपालिका भित्रका तपसिलमा उल्लेखित शहीद तथा बेपत्ता परिवारहरूलाई नगद, दोसल्ला, सम्मान पत्र सहित सम्मान गर्ने निर्णय गरियो । साथै जनप्रतिनिधि एवम् कर्मचारी मैत्रीपूर्ण फुटसल प्रतियोगिता आयोजना गर्ने निर्णय गरियो ।

<u>तपसिलः</u>

| सि.नं. | शहीद तथा बेपत्ता व्यक्तिको नाम | शहीद तथा बेपत्ता परिवारका व्यक्ति नाम, थर | नाता | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| १. | प्रधुम्न खड्का | प्रभा खड्का | श्रीमती | ना.न.पा.-१०, काठमाडौं | शहीद |
| २. | टोप जंग शाह | नुमा कुमारी मल्ल | श्रीमती | ना.न.पा.-३, काठमाडौं | शहीद |
| ३. | गोपीकृष्ण वाग्ले | एकराज वाग्ले | बाबु | ना.न.पा.-२, काठमाडौं | बेपत्ता |
| ४. | पिपल श्रेष्ठ | आमोश श्रेष्ठ | भाई | ना.न.पा.-४, काठमाडौं | बेपत्ता |

२. नेपाल अटो मेकानिक्स व्यवसायी संघ, काठमाडौंले यस नगरपालिका अन्तर्गत रहेका अटो मेकानिक्स व्यवसायहरूलाई व्यवस्थित गरी एक नगरपालिका एक अटो ल्याण्ड स्थापना गर्न पूर्व सम्भाव्यता अध्ययन गरी ३ महिनाभित्र प्रतिवेदन पेश गर्न यस नगरपालिकाका प्रवक्ताको संयोजकत्वमा देहाय बमोजिम हुने गरी एक सहजीकरण समिति गठन गर्ने निर्णय गरियो ।

<u>तपसिलः</u>

| | | |
|---|---|---|
| १. संयोजक | प्रवक्ता | श्री महेश रिमाल |
| २. सदस्य | वडा अध्यक्ष | श्री रामेश्वर लामा |
| ३. सदस्य | वडा अध्यक्ष | श्री थुमराज के.सी. |
| ४. सदस्य | वडा अध्यक्ष | श्री उमेश लामा |
| ५. सदस्य | वडा अध्यक्ष | श्री लक्ष्मीराम शर्मा |

| | | |
|---|---|---|
| ६. सदस्य | वडा अध्यक्ष | श्री देवेन्द्रराज गिरी |
| ७. सदस्य | वडा अध्यक्ष | श्री शैलेन्द्र लामा |
| ८. सदस्य | वडा अध्यक्ष | श्री सुरज कुमार पोखरेल |
| ९. सदस्य | वडा अध्यक्ष | श्री रामकृष्ण भट्टराई |
| १०. सदस्य | वडा अध्यक्ष | श्री सुन्दर बहादुर के.सी. |
| ११. सदस्य | वरिष्ठ इञ्जिनियर | श्री बिमोचन भण्डारी |
| १२. सदस्य | नेपाल अटो मेकानिक्स व्यवसायी संघको प्रमुख वा प्रतिनिधि | |
| १३. सदस्य सचिव | अधिकृत छैठौं | श्री नारायण प्रसाद तिमिल्सिना |

३. काठमाडौं महानगरपालिकाको प.सं. २०८०/०८१, च.नं. १२७०, मिति २०८०/१०/०३ गतेको पत्रबाट यस नगरपालिका वडा नं. १ स्थित शहरी विकास मन्त्रालयबाट निर्माण भई यस नगरपालिकाको संरक्षणमा रहेका खाली भवनमा विभिन्न सार्वजनिक सडक, चोक, मन्दिर समेतमा असहाय, असक्त र वेवारिस रूपमा वसी रहेका मानिसहरूको तत्काल उद्धार, उपचार, पारिवारिक पुनर्मिलन र आश्रममै संरक्षण गर्नुपर्ने प्रकृति वर्गीकरण गरी सो अनुरूप व्यवस्थापन गर्न एक स्क्रिनिङ्ग सेन्टर सञ्चालन गर्नको लागि माग भई आएकोले शहरी विकास मन्त्रालय तथा विभागसँग समन्वय गरी कार्य गर्ने गरी स्क्रिनिङ्ग सेन्टर सञ्चालन गर्न अनुमति दिने निर्णय गरियो ।

४. दिगो तथा सम्मानित रोजगारीको लागि सीप परियोजना दोश्रो चरण अन्तर्गत १६९६ घण्टा तह २ अवधिको कार्यगत अभ्यास सहितको तालिम कार्यक्रम सञ्चालन गर्नको लागि आर्थिक वर्ष २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार Professional Computer Hardware and Network Technician विषयक १० महिने तालिम सञ्चालन गर्नु पर्ने भएको हुँदा उक्त कार्यका लागि यस नगरपालिकाको क्षेत्र भित्र रहेको सो उद्देश्य अनुरूप कार्य गर्ने प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गतको आंगिक शिक्षालय श्री बालाजु स्कुल अफ इन्जिनियरिंग एण्ड टेक्नोलोजी, का.म.पा. - १६ बालाजु, काठमाडौंले सो कार्य आफ्नो संस्था मार्फत गर्न अनुरोध गरेको र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को ५ (क) अनुसार एक सार्वजनिक निकायले अर्को सार्वजनिक निकायसँग सोझै वस्तु तथा सेवा खरिद गर्न सक्ने प्रावधान बमोजिम उक्त संस्थासँग उल्लेखित सीप विकास तालिम कार्यक्रम सञ्चालन गर्नको लागि प्रस्ताव पत्र माग गरी सो अनुरूप सम्झौता गरी कार्य अगाडि बढाउने निर्णय गरियो ।

५. नागार्जुन नगरपालिका अन्तर्गत सञ्चालन हुने आ.व. २०८१/०८२ को लागि संघीय विशेष अनुदानका योजना अन्तर्गत यस नगरपालिका नगर कार्यपालिकाको मिति २०८०/०९/१६ गतेको निर्णय नं. १५ मा तपसिलमा उल्लेखित योजना थप गरी राष्ट्रिय योजना आयोगमा पेश गर्ने निर्णय गरियो ।

तपसिलः-

संघीय विशेष अनुदान अन्तर्गत मागको लागि थप गरिने योजनाः-

१. नागार्जुन नगरपालिकाको वडा नं. ६, ७ र ८ समेटिने गरी पर्यटकीय पद मार्ग निर्माणको लागि रू.१० करोड

नागार्जुन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिसिद्धि, सीतापाईला, काठमाडौं
बागमती प्रदेश, नेपाल ।
फोन नं.: ४६७१७१६
४६७१७१७

प.सं.:-
च.नं.:-

६. नागार्जुन नगरपालिकाको लागि आवश्यक तपसिलमा उल्लेखित कार्यविधि तथा निर्देशिका तर्जुमा प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

तपसिलः

क) नागार्जुन नगरपालिका सामुदायिक कुकुर/ बिरालो बन्ध्याकरण तथा भ्याक्सिनेसन कार्यविधि, २०८०

ख) राजश्व सुधार कार्य योजना, २०८० (आ.व. २०८१/०८२ देखि २०८३/०८४ सम्म)

७. नागार्जुन नगरपालिका क्षेत्र भित्र रहेका विभिन्न पर्यटकीय गन्तव्य, पुरुतात्विक महत्वका विषयहरु, सम्पदाहरूको पहिचान संरक्षण र संवर्द्धन गर्न तथा पर्यटकहरूको आवागमनमा वृद्धि गरी नागार्जुन नगरपालिका क्षेत्रलाई उत्कृष्ट पर्यटकीय गन्तव्यको रूपमा विकास गर्नका लागि नागार्जुन नगरपालिकाले चाल्नुपर्ने कदमहरूका लागि अध्ययन गरी ६ महिना भित्र सिफारीस गर्न नागार्जुन नगरपालिका वडा नं. ७ निवासी Nepal Mountain Academy का अध्यापक (लेक्चरर) श्री राम कुमार पुरीको संयोजकत्वमा देहायको पदाधिकारी रहने गरी समिति गठन गर्ने निर्णय गरियो ।र

तपसिलः

| सि.नं. | नाम, थर | पद | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | राम कुमार पुरी | संयोजक | ना.न.पा. ७ | |
| २. | डा.आलोक प्रसाई | सदस्य | ना.न.पा. १ | |
| ३. | सुदर्शन लामिछाने | सदस्य | ना.न.पा. १० | |
| ४. | मोहन भट्टराई | सदस्य | ना.न.पा. ८ | |
| ५. | जयराम गौतम | सदस्य | ना.न.पा. ७ | |
| ६. | सुन्दरमणी श्रेष्ठ | सदस्य | ना.न.पा. ४ | |
| ७. | तुलसी मगर | सदस्य | ना.न.पा. ४ | |
| ८. | कोमल लामा | सदस्य | ना.न.पा. ५ | |
| ९. | सुदर्शन न्यौपाने | सदस्य | ना.न.पा. १ | |
| १०. | निर्मला धमला | सदस्य | ना.न.पा. १ | |
| ११. | हरिशरण बरूवाल | सदस्य | ना.न.पा. ८ | |
| १२. | दधिराज घिमिरे | सदस्य | ना.न.पा. १ | |
| १३. | बसन्त तामाङ | सदस्य | ना.न.पा. ६ | |
| १४. | रञ्जित श्रेष्ठ | सदस्य | ना.न.पा. ३ | |
| १५. | पवित्रा तामाङ गुरूङ | सदस्य | ना.न.पा. १ | |
| १६. | साधुराम गौतम | सदस्य | ना.न.पा. ७ | |
| १७. | विमोचन भण्डारी | सदस्य सचिव | वरिष्ठ इञ्जिनियर | |

८. नागार्जुन नगरपालिका क्षेत्र भित्र विभिन्न स्थानहरुमा रहेका सार्वजनिक जग्गा संरक्षण गर्नुपर्ने स्थानीय तहको जिम्मेवारी रहेको र पछिल्लो समय विभिन्न सञ्चार माध्यम तथा सामाजिम सञ्जालहरुमा समेत सार्वजनिक जग्गाको अतिक्रमण तथा सुरक्षा चुनौती बढेको सम्बन्धमा व्यापक जनगुनासो प्राप्त भएको र सो विषय नगरपालिकाले

नागार्जुन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिसिद्धि, सीतापाईला, काठमाडौं
बागमती प्रदेश, नेपाल ।

फोन नं.: ४६७१७१६
४६७१७१७

प.सं.:-
च.नं.:-

सम्वोधन गर्नु पर्ने जिम्मेवारी रहेको हुँदा मालपोत कार्यालय, कलंकी, नापी कार्यालय, कलंकी तथा सर्वसाधारण जनताको सहयोग र सूचना लिई सार्वजनिक जग्गाहरूको पहिचान तथा संभावित अतिक्रमित जग्गाहरूको खोजी गरी कारवाहीको लागि सिफारीस गर्न नगर उपप्रमुखको संयोजकत्वमा देहाय बमोजिमको समिति गठन गरी ३ महिनाभित्र प्रतिवेदन पेश गर्न कार्य जिम्मेवारी तोक्ने निर्णय गरियो ।

तपसिलः

| | | |
|---|---|---|
| १. संयोजक | उपप्रमुख | श्री सुशिला अधिकारी |
| २. सदस्य | प्रवक्ता | श्री महेश रिमाल |
| ३. सदस्य | वडा अध्यक्ष | श्री रामेश्वर लामा |
| ४. सदस्य | वडा अध्यक्ष | श्री थुमराज के.सी. |
| ५. सदस्य | वडा अध्यक्ष | श्री उमेश लामा |
| ६. सदस्य | वडा अध्यक्ष | श्री लक्ष्मीराम शर्मा |
| ७. सदस्य | वडा अध्यक्ष | श्री देवेन्द्रराज गिरी |
| ८. सदस्य | वडा अध्यक्ष | श्री शैलेन्द्र लामा |
| ९. सदस्य | वडा अध्यक्ष | श्री सुरज कुमार पोखरेल |
| १०. सदस्य | वडा अध्यक्ष | श्री रामकृष्ण भट्टराई |
| ११. सदस्य | वडा अध्यक्ष | श्री सुन्दर बहादुर के.सी. |
| १२. सदस्य सचिव | वरिष्ठ शाखा अधिकृत | श्री कल्पना अधिकारी |

साथै उक्त समितिलाई सल्लाह तथा परामर्शको लागि देहाय बमोजिम राजनीतिक दलका नगर कार्य समिति सभापति/अध्यक्षहरू सम्मिलित एक सल्लाहकार समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| १. नेपाली काग्रेस | श्री दुर्गा प्रसाद गौतम |
| २. ने.क.पा. एमाले | श्री नन्दन हरी गौतम |
| ३. ने.क.पा. माओवादी केन्द्र | श्री यूवराज भण्डारी |
| ४. राष्ट्रिय स्वतन्त्र पाटी | श्री राजन कोइराला |
| ५. रा.प्र.पा. | श्री ध्रुव प्रसाद खनाल |

२०८०।०१।११

(महेश रिमाल)
प्रवक्ता